मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १४४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख ११ गते बिहीवार (Thursday, April 23. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

अर्जुनधारामा मास्क, औषधि र मल वितरणः पृष्ठ २



नेपालमा कोभिड-१९को प्रभाव

# रोगभन्दा डर बढी हुँदा मानसिक समस्या

**झापा, बैशाख १०।** लगनखेलस्थित मानसिक अस्पतालमा आएका कतिपय बिरामीलाई कोही पनि मानिससँग नजिक जान डराउने समस्या देखिएको छ।

कोभिड-१९को रोकथामका लागि सबै नागरिकले सामाजिक दूरी कायम गरे पनि ती व्यक्ति जो कोही आफ्नो नजिक आउनासाथ रोग लागिहाल्छ कि भन्ने चिन्तामा रहेको पाइन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चारमाध्यमबाट साबुनपानीले हात धुनु भन्ने सन्देश सुनेरै कतिपय दिनभर हात धुने काम मात्रै गरेको पनि अस्पतालले जनाएको छ। २० सेकेण्डसम्म मिचीमिची हात धुनु भन्ने सन्देश सुनेरै उनीहरु दिनभर अधिकांश समय हात धोएरै बिताउने गरेका छन्।

विश्वव्यापी रूपमा फैलिरहेको कोभिड-१९ सङ्क्रमितको संख्या नेपालमा पनि थपिरहँदा त्यसकै भयका कारण मानसिक रोगको जोखिम बढिरहेको छ। कतिपय यसअघि नै औषधि खाइरहेका बिरामी त कतिपय नयाँ बिरामीमा मानसिक समस्या देखिन थालेको अस्पतालले जनाएको छ। कतिपय बिरामीमा सामान्य रुघाखोकी पनि कोरोना भाइरस नै हो भन्ने रूपमा लिने गरेको पाटन मानसिक अस्पतालका प्रमुख मनश्चिकित्सक डा. अनन्तप्रसाद अधिकारीले बताए। उनका अनुसार कतिपय व्यक्ति भने रोगको रोकथामका



लागि तीन-चार मास्क एकैपटक लगाउने गरेको पाइन्छ। उनले भने- धेरै मास्क लगाउँदा बढी सुरक्षित हुन्छु भन्ने भ्रम ती व्यक्तिमा रहेको पाइन्छ।

कोभिड-१९का त्रासका कारण नरम र कडा दुवै किसिमका मानसिक समस्या भएको पाइएको छ। यस समयमा व्यक्तिमा साइकोसिस (वास्तविक र अवास्तविक छुट्याउन नसक्ने अवस्था), एन्जाइटी, डिप्रेसन (नैराश्यता) लगायत मानसिक रोग देखिरहेको छ। ती व्यक्तिमा डराउने, झस्कने, जुनसुकै कुरालाई शङ्काका रूपमा हेर्ने, निद्रा नलाग्नेलगायत समस्या देखिन थालेको उनले बताए। रोगकै त्रासका कारण कतिपयमा अल्कोहलको प्रयोग अत्यधिक बनाएका छन्। यो समयमा मानसिक समस्या महिला र पुरुष दुवैमा बराबर रहेको अस्पतालमा आउने बिरामीको संख्याले देखाएको छ।

लकडाउनका कारण बिरामीको संख्या कम हुनु स्वभाविक भए पनि अहिले पनि बिरामी उपचारका लागि आइरहेको अस्पतालले जनाएको छ। सामान्य अवस्थामा दैनिक १५०देखि २०० सम्म बिरामी उपचारका लागि आउने गरेकामा अहिले झण्डै ३०/३५ जना आइरहेका छन्। उपचारका लागि आउनेमा काठमाडौं उपत्यकाकै बिरामीको संख्या बढी रहेको अस्पताल निर्देशक डा. मोहनराज श्रेष्ठले बताए। कतिपय भने बाहिरी जिल्लाबाट पनि आकस्मिक सेवाका लागि आएका छन्। कोभिड-१९का बारेमा राम्ररी नबुझेर पनि व्यक्तिमा त्रास बढी भएको उनले बताए। कतिपयमा रोग लाग्नासाथ मरिहाल्छु कि भन्ने भय पाइन्छ। उनले भने- सावधानी अपनाएपछि रोग लाग्दैन र लागेपछि पनि निको हुने सम्भावना बढी छ भनी बुझाउनुपर्छ।

मानसिक रोगको असर सबै उमेर, वर्ग र पेशामा देखिएको भए पनि यस्ता विपद्का समयमा विगतमा औषधोपचार गरेर निको भएका वा हाल उपचार

(बाँकी अन्तिम पृष्ठमा)

अटो रिक्साचालक भन्छन् -

# ऋणको किस्ताको के कुरा, खानाकै ठेगान छैन

सुरेन्द्र भण्डारी

**बिर्तामोड, वैशाख १०।** झापाको बाह्रदशी गाउँपालिका- ३ राजगढका हरिचन्द्र तिम्सिना तीनपाङ्ग्रे अटो रिक्सा चलाउँछन्। उनले अटो रिक्सा चलाएको झण्डै दुई वर्ष भयो। किस्तामा लिएको अटो रिक्सा चलाएर घरखर्च टार्दै आएका तिम्सिनालाई अहिले अटो किन्दा लिएको ऋणको किस्ता कसरी तिर्ने ठूलो चिन्ता छ।

कोरोना भाइरस कोभिड-१९को संक्रमण फैलन नदिन एक महिनादेखि मुलुक लकडाउन हुँदा उनले अटो रिक्सा चलाउन पाएका छैनन्। अटो रिक्सा चलाउन नपाएसँगै उनलाई घर खर्च टार्न र अटो रिक्साको किस्ता तिर्न समस्या भएको हो। हरेक महिना १५ हजार रुपैयाँ किस्ता तिर्नुपर्छ उनले भने- एक महिनादेखि अटो रिक्सा घरमै बस्यो अब कसरी किस्ता तिर्ने।

अटो रिक्सा चलाएर दैनिक एक हजारदेखि १५ सय रुपैयाँसम्म कमाई गर्दै आएका तिम्सिनाले मासिक २० हजार रुपैयाँ किस्ताका लागि छुट्याएर बचेको रकमले मुस्किलले घर खर्च टार्दै आएका थिए। तर, अटो रिक्सा नै नचलेपछि अहिले उनलाई घर खर्च चलाउन समेत धौ-धौ छ।

लकडाउन छ, बालबच्चा स- साना छन् कसरी उनीहरुलाई खुवाउने एकातिर चिन्ता छ नै, त्योभन्दा ठूलो चिन्ता यो महिनाको किस्ता कसरी तिर्ने हो पिर लागिरहेको छ- तिम्सिनाले भने।

पाँच वर्षअघि कतार गएँ तिम्सिानाले विगत सम्झँदै भने- यहाँ मेनपावरले भनेजस्तो कतारमा काम र कमाई नपाइपछि लगत्तै घर फर्कनु पर्‍यो। कतारजाँदा लागेको ऋण पनि तिर्न नसकी घर फर्कनु परेपछि पुनः भारतको सिक्किम गएँ। सिक्किममा झण्डै दुई वर्ष काम गरे। जसोतसो ऋण तिरेर स्वदेशमै केही गरौला भन्ने सोचका साथ नेपाल फर्किएर अटो रिक्सा किनेर कुदाउन थालेको हुँ। तर, लकडाउनले समस्यामाथि समस्या थपेको छ।'

उनको जस्तै समस्या छ- झापाको अर्जुनधारा नगरपालिका- १का लोकबहादुर फुयाल र हरिबहादुर बस्नेतलाई पनि। ऋणमा लिएको अटो चलाएर परिवार पाल्दै आएको थिएँ- लोकबहादुरले भने- एक महिनादेखि घरमै बस्ता समस्या माथि समस्या थपिएका छन्। अटो रिक्सा कुदाउन पाएको भए दुई चार रुपैयाँ आम्दानी हुन्थ्यो। अहिले हात पनि खाली छ घरमा भएको अन्नपात सबै सकियो किस्ता तिर्न त परको कुरा, कसरी खाने भन्ने नै ठेगान छैन।

बस्नेतको पनि उस्तै समस्या छ। मासिक १३ हजार ५ सय रुपैयाँ किस्ता तिर्दै आएका उनले पनि अटो चलाएर नै खर खर्च टार्दै आएका थिए। तर, अहिले मुलुक पूर्ण रुपमा एक महिनादेखि लकडाउनमा रहेकाले उनलाई पनि घर चलाउन समस्या भएको हो।

मुलुक लकडाउन भएसँगै झापाका झण्डै दुई हजार अटो रिक्सा चालकको अवस्था उस्तै छ। अधिकांशले अटो रिक्सा किस्तामा लिएर चलाउँछन्। उनीहरुले साप्ताहिकदेखि मासिक रुपमा किस्ता बुझाउनपर्ने हुन्छ।

लकडाउनका कारण रिक्सा चालकको मात्र होइन व्यवसायीको पीडा पनि उस्तै छ। अधिकांश व्यवसायी अहिले लामो समयसम्म मुलुक लकडाउन हुँदा निरास छन्। कारोवार नै ठप्प भएपछि घर भाडा र वैंकको व्याज कसरी तिर्ने भन्ने व्यवसायीमा चिन्ता छाउँदै गएको बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई बताउँछन्।

'करोडौं रुपैयाँ बैंकबाट व्याजमा लिएर अटो रिक्सा खरिद गर्दै किस्तामा विक्री गरिएको छ - हलेसी ट्रेड लिङ्क बिर्तामोड प्रालिका सञ्चालक चूडामणि पौडेलले

(बाँकी अन्तिम पृष्ठमा)



**ढकमक्क फुलेको लालीगुराँसः** पाँचथरको फिदिम नगरपालिका तथा फाल्गुनन्द गाउँपालिकाको सीमानामा पर्ने लोहकिल क्षेत्रमा ढकमक्क फुलेको लालीगुराँस। **तस्वीर : रवीन्द्र काफ्ले/रासस**

# १८ स्थानमा सशस्त्र प्रहरीको सुरक्षापोष्ट

**इलाम, वैशाख १०।** भारतसँग सीमा जोडिएको इलामका सीमावर्ती १८ स्थानमा सशस्त्र प्रहरीको अस्थायी चौकी राखिएको छ। लकडाउनका समयमा पनि भारत र नेपालमा लुकिछिपी मानिसको आवतजावत भइरहेकाले चौकी राखिएको हो।

खुला सीमा भएका कारण बाहिरबाट धेरै मानिस आएकाले सीमा क्षेत्रका नेपाली त्रसित थिए। भारतसँग सीमा जोडिएको इलामको साढे ५२ किलोमिटर क्षेत्रका १८ स्थानमा सशस्त्र प्रहरीको टोली खटाइएको जिल्ला प्रशासन कार्यालय इलामका सूचना अधिकृत सफल पोर्तेलले जानकारी दिए। उनका अनुसार लुकिछिपी नेपाल प्रवेश गर्नेको व्यक्ति बढेसँगै सीमा क्षेत्रको सुरक्षा व्यवस्था कडा बनाइएको हो।






# यसो गरे मातृ ऋणबाट मुक्ति

**काठमाडौँ, बैशाख १०।** वैशाख कृष्ण औंशीका दिन मनाइने आमाको मुख हेर्ने पर्व आज विहीवार जन्म दिने आमालाई मीठामीठा परिकार खान तथा राम्रा कपडा लगाउन दिएर खुशी पारी मनाइँदैछ।

शास्त्रमा उपाध्याय (पण्डित), आचार्य र पिताभन्दा पनि ठूली मानिएकी आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर गर्ने तथा उनबाट शुभाशीर्वाद थाप्ने दिनका रूपमा आजको दिनलाई लिइन्छ। वैशाखकृष्णपक्ष औँशीको दिनलाई नेपालीले मातातीर्थ औँशी अर्थात् मातृऔँसीका रुपमा समेत मनाउँछन्।

छोराछोरीले बिहानै उठी नुहाएर आफ्नी आमालाई राम्राराम्रा लुगा लगाइदिने र मीठामीठा-तागतिला खानेकुरा खान दिई आशीर्वाद थाप्ने चलन छ। यसो गरेमा मातृ ऋणबाट मुक्त भइने जनविश्वास छ।

आमा नभएकाहरु भने आमालाई तर्पण र पिण्डसहित श्राद्ध तथा पुरोहितलाई सिदादानसहित भोजन गराई दिवङ्गत आमा र उनले गरेका महान् एवम् कष्टकर काम सम्झने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा.डा. रामचन्द्र गौतमले बताए। शास्त्रमा प्रत्येक नरनारीले जीवनमा देवऋण, मनुष्यऋण र पितृऋण तिर्नैपर्छ भनिएको छ। उनका अनुसार




पितृऋण तिर्न माता, पितालाई जीवित हुँदा सम्मानपूर्वक खुशी राख्ने तथा मृत्युपछि श्रद्धापूर्वक श्राद्ध गर्नुपर्ने शास्त्रीय विधान रहेको छ।

आजको दिन दिवङ्गत आमाको सम्झनामा चन्द्रागिरि नगरपालिकामा रहेको थानकोट नजिकैको मातातीर्थमा मेला लाग्छ। आमा नहुने नरनारी बिहानै उक्त तीर्थमा गई स्नान तथा हरिहर (विष्णु र शिव)को दर्शन र पूजा गर्छन्। आमा बित्नेले सके प्रत्येक वर्ष नसके एकपटक मातातीर्थमा श्राद्ध गर्नुपर्ने मान्यतासमेत छ।

सो तीर्थको परिसरमा मूर्तिकार रामकृष्ण भण्डारीद्वारा निर्मित सबैकी आमाको प्रतीक 'साझा आमा'को मूर्ति पनि स्थापना गरिएको छ। यसले गर्दा मातातीर्थको आकर्षण बढाएको छ।

मातातीर्थको उत्पत्तिका सम्बन्धमा विभिन्न कथा प्रचलित छन्। त्यसमध्येको एउटा किंवदन्ती यस्तो छ : धेरै वर्ष पहिले त्यस ठाउँमा गाईवस्तु चराउने चौर थियो। एकदिन एउटा गोठालाले सो चौरमा फ्याँकेको रोटीको टुक्रा हरायो। उसले अचम्म मानी रोटीको अर्को टुक्रा पनि फ्याँक्यो, त्यो पनि हरायो। अरू गोठालाले पनि रोटीका टुक्रा फ्याँके, तीनमध्ये आमा जीवित हुनेले फ्याँकेका रोटी त्यहीँ रही आमा नहुनेले फ्याँकेका रोटी मात्र अलप भए।

कथानुसार पहिलो चोटी रोटी फ्याँक्नेकी आमा पनि थिइनन्। त्यो दिन वैशाख कृष्णपक्षको औँशी थियो। दोस्रो दिन भने अघिल्लो दिनको जस्तो रोटी हराएन। सो कुरा चाल पाई गाउँलेले औँशीको दिन मृत आमा त्यस ठाउँमा आई आफ्ना छोराछोरीले श्रद्धापूर्वक दिएको चिज खाँदा रहेछन् भन्ने विश्वास गरेर त्यस ठाउँमा

(बाँकी अन्तिम पृष्ठमा)

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# तितेपातीको स्यानिटाइजर !



भुवन तामाङ

धेरैलाई थाह हुनसक्छ कि तितेपाती तामाङहरुका लागि एक महत्वपूर्ण बोटबिरुवा हो । असलमा जीवनशैली हो । विशेषगरी तामाङ सांस्कृतिक, धार्मिक र कर्मकाण्ड संस्कारहरुमा तितेपाती नभइ हुँदैन । तामाङहरुको घरआगन, कोठेबारी या खेतबारीका डिल या कान्लामा तितेपातीको झ्याङ्ग प्रायः हुन्छ । घरमा नभए संस्कारका बेला जति टाढा भए पनि खोजेर ल्याउनैपर्छ । तितेपाती बेगर तामाङहरुको जीवनधारा अधुरो हुन्छ ।

संस्कारहरुमा तितेपातीको हाँगासहितका हरिया ताजा पातहरुका झुप्पा स्वच्छ चोखो पानीमा चोबलेर तितेपाती पानीले संस्कार स्थल चोख्याउने गरिन्छ । घरका सबै भाग, आगन, सिकुवा आदि तितेपाती पानीले चोख्याउने गरिन्छ । बारी, गोठ र पशुपन्छीसमेतलाई तितेपाती पानीले चोख्याउने गरिन्छ । तितेपाती पानीले मानिसहरुलाई पनि चोख्याउने गरिन्छ । वास्तवमा यी सब गर्नुको प्रमुख उद्देश्य अहिलेको भाषामा भन्नुपर्दा स्यानिटाइज गरिनु रहेछ । किटाणु भगाउनु रहेछ ।

तामाङको मृत्यु हुँदा दाहसंस्कारपछि घाटबाट मलामी वापस घरमा आउँदा तितेपाती पानीले मलामीहरुलाई चोख्याउने गरिन्छ । घाटमा रहेकाबेला बाह्य तत्व (भूतप्रेत) लाग्नसक्छ, त्यसलाई तितेपाती पानीले चोख्याएर भगाएको भन्ने विश्वास गरिन्छ तर यसलाई वैज्ञानिक भाषामा भन्नुपर्दा किटाणु शरीरमा टाँसिएर आएका भए स्यानिटाइज पो गरिएको हो रहेछ ।

यसका साथसाथै, घाटबाट घरमा आइपुगेपछि, धुपौरो या गमलामा आगोको भरभराउँदो भुँग्रोमा धुप्पी बालेर धुप्पी बलेको आगोको ज्वाला या धुँवाले हात, मुख र शरीर सेक्ने गरिन्छ । यसो गर्नुको उद्देश्य घाट या बाहिर हुँदा मानिसहरुका शरीरमा नराम्रा कुरा, किटाणुहरु टाँसिएर आएका हुनसक्छन् भनेर धुपको आगो या धुँवा, तापले नष्ट या भगाउने काम गरिएको हो रहेछ । यी विधिहरु मानिसहरुलाई बाह्य तत्वबाट सुरक्षित, स्वच्छ र स्वस्थ राख्नु रहेछ । तामाङहरुले मात्र होइन अन्य थुप्रै जातिहरु जो बुद्धमार्गी छन्, लामा गुरुद्वारा संस्कार गर्दछन् । उनीहरु सबैले तितेपाती अनिवार्य प्रयोग गर्दछन् । लामाले मन्त्रेको तितेपातीले नकारात्मक तत्व हटाइदिन्छ भन्ने विश्वास छ ।

## तामाङ परम्परा

कोरोना भाइरस महामारीको अवस्थालाई ख्याल गर्दै, हालै कृषि तथा वनविज्ञान विश्वविद्यालय चितवनले तितेपाती मिसाएर स्यानिटाइजर उत्पादन गरेको सञ्चारमाध्यमले जनाएका छन् । किटाणु नाशक तत्व भएकाले नै तितेपाती मिसाएर स्यानिटाइजर बनाइएको हुनुपर्छ ।

विविध नेपाली समुदायपिच्छे यस्ता उपयोगी मौलिक चलन, विधि अपनाइ आएका छौँ । तिनको उचित खोज अनुसन्धान हुनु पर्दछ र यस्ता महामारीका बेला काम लाग्दछ । नेपाल जडीबुटी र आयुर्वेदिक औषधिको क्षेत्रमा कहलिएको देश हो । यत्तिखेर यी आयाम कतिको उपयोग गरियो ? यो महत्वपूर्ण प्रश्न र विषय हो । यस्का माध्यमबाट देशले आर्थिक आर्जन गर्न सकिने कुरामा कत्तिको ध्यान पुग्यो त ? यो निक्कै गम्भीर विषय हो र अवसर पनि । सरकारको ध्यान जानु जरुरी देखिन्छ ।

विभिन्न कम्पनीहरुले उत्पादन गरेका रेडिमेड स्यानिटाइजरहरु सबैले सहजरुपमा पाउन सक्ने अवस्था अहिले छैन । त्यसैले विभिन्न घरेलु तथा मौलिक विधि अनाउन सकिने रहेछ । तितेपाती प्रयोग एउटा उदाहरण हो । पुर्खाहरुले परापूर्वकालदेखि चलन गरी ल्याएका आस्थाका विषय भएपनि त्यसमा वैज्ञानिक कारण लुकेका होलान् भन्ने आधार देखिन्छन् । तर यी बारे जान्ने सुन्ने, विज्ञहरुले उचित विधिसहित सुझाइदिनुपर्छ । उपयोगी कुरा हाम्रै घरआगन, बारी, पाखामा हुन्छन्, हुँदारहेछन् । त्यसलाई चिनौं, जानौं, संरक्षण गरौँ र नयाँ पुस्तालाई ज्ञान हस्तान्तरण गरौँ । कोरोना भाइरस जस्ता महामारीबाट सबै बचौँ र सबैलाई बचाऔँ ।

# ‘महिला हिंसा भयो ? खबर गर्नुहोस्’



**बिर्तामोड, बैशाख १०।** लकडाउनको यो समयमा महिलामाथि घरेलु हिंसाका घटना बढेको तथ्यांक सार्वजनिक भइरहेका बेला झापाका महिला नेतृहरुले भने परिवारका प्रत्येक सदस्यले प्रत्येक सदस्यलाई सम्मानपूर्वक मानवीय व्यवहार गर्न अपिल गरेका छन् ।

संवाद समूह झापाले बुधवार गरेको ‘भिडियो कन्फ्रेन्स’ मा महिला नेतृहरुको अपिल थियो- ‘कहीं कतै हिंसा जन्य घटना भएमा प्रहरी, जनप्रतिनिधि तथा न्यायिक निकायमा खबर गर्न अनुरोध गर्दछौं । विभिन्न राजनीतिक दल तथा सामाजिक क्षेत्रमा क्रियाशील महिला नेतृहरुले कोरोना भाइरसबिरुद्धको अहिलेको लडाईमा आफ्नोतर्फबाट सहयोग र सहकार्यको प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरुले प्रत्येक नागरिकलाई घरमै सुरक्षितसँग बस्न, सामाजिक दुरी कायम गर्न र सरकारको निर्देशन पालना गर्न समेत अपिल गरेका छन् ।

त्यस्तै सीमा-नाका र लकडाउनलाई थप कडाई गर्न, कोरोना भाइरसको परीक्षण र उपचारको प्रभावकारी व्यवस्था गर्न, सडक मानवको उचित व्यवस्थापन गर्न, हालको राहत वितरण अझ व्यवस्थित गर्दै नागरिकलाई सम्भावित भोकमरीबाट बचाउन सक्ने आवश्यक नीति तत्काल बनाउन समेत माग गरेका छन् । छलफलमा नेकपा नेतृ लक्ष्मी न्यौपाने सरु, समाजवादी नेपालकी जिल्ला अध्यक्ष संगीता रौनियार, प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्रकी राष्ट्रिय स्रोतव्यक्ति संगीता थापा, महिला सुरक्षा दबाब समूहकी अध्यक्ष शारदा रिजाल, महिला अधिकारकर्मी अधिवक्ता कविता शर्मा, कोचिला महिला फ्रन्टकी सचिव तथा सञ्चारकर्मी सुष्मा राजवंशी लगायतले आफ्नो धारणासहित प्रतिबद्धता व्यक्त गरेको संवाद समूहकी कमला भट्टराईले जानकारी दिइन् ।

## प्रलोभनमा पारेर ५ बर्षदेखि बालिकामाथि बलात्कार

**कपिलवस्तु, बैशाख १०।** कपिलवस्तुको वाणगङ्गा नगरपालिका वडा नं. ४मा चार बालिकामाथि बलात्कार गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ४५ वर्षीय र १७ वर्षीय युवक छन् । ती दुवै छिमेकी हुन् । अभियुक्तको नाम प्रहरीले गोप्य राखेको छ ।

प्रलोभनमा पारेर पाँच वर्षदेखि बालिकामाथि बलात्कार भएको पीडित परिवारले जनाएको छ । स्थानीयवासीले बन्दाबन्दी भए पनि घर बाहिर आई न्यायका लागि आवाज उठाएका छन् । पीडितहरुले अपराध गर्नुभन्दा पनि सहनु गलत भएको जनाउँदै उनीहरुलाई कारवाहीको माग गरेका छन् ।

## महिलालाई कुट्दा...

**धनगढी, बैशाख १०।** महिलामाथि गालीगलौज तथा कुटपिट गरेको आरोपमा दुई जना पक्राउ परेका छन् ।

प्रहरीले धनगढी उपमहानगरपालिका-१३ बस्ने ५१ वर्षीय नन्दकिशोर कलौनी र उनका २४ वर्षीय छोरा जगदीशलाई पक्राउ गरेको हो । उनीहरुले मादक पदार्थ सेवन गरी स्थानीय तीन महिलालाई गालीगलौजसँगै कुटपिट गरेको प्रहरीले जनाएको छ । उनीहरुले स्थानीय गुमला चन्द, निजका छोरी अनुता र ज्योतिलाई गालीगलौज गरी कुटपिट गर्दा टाउको र हातमा चोट लागि घाइते भएको कैलाली प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दक्षकुमार बस्नेतले बताए । दुवै बाबु-छोरालाई पक्राउ गरी म्याद थप लिइ अनुसन्धान भइरहेको र पीडितको उपचार भइरहेको प्रवक्ता बस्नेतले जानकारी दिए ।

## कपडा र चेक चोरी

**कैलाली, बैशाख १०।** कैलालीमा चोरी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

कैलाली प्रहरीले गौरीगङ्गा नगरपालिका-१० भगतपुर बस्ने २० वर्षीय केशव चौधरीलाई चोरीको आरोपमा पक्राउ गरेको हो । कैलाली प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दक्षकुमार बस्नेतले युवकले विभिन्न मितिमा कैलारी गाउँपालिकाका दुई स्थानमा चोरी गरेको जानकारी दिए ।

युवक चौधरीले गत चैत २० गते कैलारी गाउँपालिका-८ पृथ्वीपुर मोहना बजारस्थित रुभान फेन्सी पसलबाट लुगाकपडा, नगद, चेक, पासबुक गरी रु. ५३ हजार ७५० र वैशाख ४ गते कबिर एण्ड राज ट्रेडर्समा मोबाइल, राउटर गरी रु. ४९ हजार १५० बराबरको सामान चोरी गरेको जनाइएको छ ।

लकडाउनको सदुपयोग

# युट्युब हेर्दै खानाका परिकार बनाउन सिक्दै

कपिलवस्तु वाणगङ्गा नगरपालिका-४की अस्मिता कुँवरले लकडाउन सदुपयोग गर्दै ढाकाका कपडा बुनिरहेकी छिन् । कुँवरलाई कपडा सिलाइको व्यस्तताले गर्दा समय बितेको पत्तो छैन । बुद्धभूमि नगरपालिकाका-४का विनोद केसीलाई भने यस समयमा खूब अध्ययन गर्ने मौका जुरेको छ । एक महिनाका अवधिमा उनले आधा दर्जनभन्दा बढी पुस्तक पढिससकेका छन् । केसीले भनिन्- पहिला बैंकको कामले एकछिन फुर्सद पाउँदिनथे तर आजभोलि अध्ययन गर्दै मीठो खाना बनाउन पनि सिक्दै छु ।

शिवराज नगरपालिका-१की सुनिता कहाँर भने यति बेला युट्युबका माध्यमबाट झुमरा, ढकिया, फूलदानीलगायत घर सजावटका विभिन्न सामग्री बनाउँदैछिन् । बहिनीको कामबाट प्रेरणा पाएकी अनिताले पनि यस समयलाई भने खेर जान दिएकी छैनन् । आफ्नो इच्छानुसार काम गर्न लकडाउनले ठूलो अवसर प्रदान गरेको बताउँदै उनले आफूले विभिन्न खालका चित्र तथा मूर्ति बनाउने गरेको जानकारी दिइन् । उनको जस्तै अनुभव अनुपा पासीको पनि छ । लामो समय लकडाउन हुँदा दिक्क मान्ने पासीलाई घरकै कामले भ्याइनभ्याई छ ।

वाणगङ्गा-२ की मीना सुनार जागीरका कारण घरभन्दा बाहिर बस्दै आएकी थिइन् । पटक-पटक परिवारमा समय नदिएको गुनासो सुन्दै आएकी सुनारले यतिबेला घर परिवारमा पर्याप्त समय दिएकी छिन् । यसरी परिवारसँग समय व्यतीत गर्दा छुट्टै किसिमको आनन्द मिल्ने गरेको उनले बताइन् ।



विद्यालय बन्द हुँदा मोबाइलमा मात्रै रमाउने वाणगङ्गा-४की दिया श्रेष्ठ र उनकै छिमेकी स्नेहा क्षेत्री पनि नयाँ-नयाँ परिकार बनाउन सिकिरहेका छन् । उनीहरुले घरमै सेलरोटी, पानीपुरीलगायत परिकार बनाउने गरेका छन् । सँधै एकैप्रकारको खाना खाँदा वाक्क लाग्ने भएकाले युट्युब हेरेर वा साथीहरूबाट सिकेर नयाँ खाजाका परिकार बनाउन सिक्ने अवसरका रुपमा यो समयलाई उपयोग गर्दै आएको उनको भनाइ छ ।

वाणगङ्गा-३ चम्कीपुरकी ५५ वर्षीया सुनरमतिया थारुलाई पनि खाली समय बिताउन समस्या भएपछि छिमेकीसँग घर सजावटका सामान बनाउन सिकिरहेकी छिन् । केही गर्ने इच्छा भए उमेरले छेक्दैन भन्ने उदाहरण उनीबाट पाउन सकिन्छ । वरपर छिमेकीले हातेपंखा, ढकिया बनाएको देखेपछि उनमा पनि यो जाँगर चलेको छ । थारु भन्छिन्- दिनमा चारपाँच वटा पंखा, ढकियाहरु बनाउँछु । सजावटका सामान बनाउँदा लकडाउनको समय पनि सजिलोसँग बितेको उनको अनुभव छ ।

बन्दाबन्दीका समयमा अभिभावकहरु काममा नजाँदा बालबालिकाले पनि जान्नेबुझ्ने अवसर पाएका छन् । यही अवसरको सदुपयोय गर्दै वाणगङ्गा-५की पाँच वर्षीया कृतिका न्यौपानेले विद्यालय जान नपाए पनि आमासँग घरमा बसेर पढिरहेकी छिन् । यस समय उनी जस्तै अन्य बालबालिकाले घरमै व्यवहारोपयोगी ज्ञान र सीप सिक्न पाएका छन् ।

एसइई परीक्षाको तयारीमा रहेकी एलिना पाण्डेले पनि अध्ययनको तयारी गर्दै घर सजावटको काम सिकिरहेकी छिन् । कतै जान नपरेपछि अध्ययन गर्न पर्याप्त समय भएकाले दिउँसो चित्र बनाउने र घर सजावटको काम सिक्ने गरेको पाण्डे बताउँछिन् । समयमै परीक्षा दिन नपाउँदा उनलाई लकडाउको समयभर पट्यारलाग्दो भएको छ । उनले भनिन्- राति सपनामा पनि परीक्षा दिएको देख्छु पहिले नै दिन पाएको भए आनन्द हुने थियो ।

कोरोना भाइरसको संक्रमण फैलिन नदिन सरकारले गरेको लकडाउनको समयलाई सदुपयोग गर्ने हो भने झनै उपयोगी बनाउन सकिने मनोपरामर्शकर्ता बताउँछन् । कोरोनाले बालमनोविज्ञानमा एकप्रकारको छाप त छाडेको छ तर यसले बालबालिका तथा किशोरकिशोरीलाई सीप सिकेर जीवन उपयोगी नयाँ अनुभव हासिल गर्ने अवसरसमेत दिएको छ, मनोपरामर्शकर्ता प्रकाश घिमिरे भन्छन् । यस समयलाई कहरका रुपमा नलिई नयाँ काम सिक्ने रहरका रुपमा ग्रहण गर्नुपर्ने उनको भनाइ छ ।

# काँकरभिट्टामा डिसइन्फेक्सन टनेल

**काँकरभिट्टा, बैशाख १०।** नेपाल प्रवेशको पहिलोद्वार काँकरभिट्टामा डिसइन्फेक्सन टनेल जडान गरिएको छ ।

मेची अभियानको संयोजनमा मेचीनगर-६ काँकरभिट्टाका आधा दर्जन सहकारी संस्थाले संयुक्तरुपमा लगानी गरेर टनेल इलाका प्रहरी कार्यालय काँकरभिट्टालाई उपलब्ध गराएपछि इलाका प्रहरी कार्यालय काँकरभिट्टा परिसरमा जडान गरिएको हो । अभियानकातर्फबाट संयोजक बिजय डालमियासहित सम्बन्धित संस्थाका अध्यक्षहरुले संयुक्त रुपमा टनेल इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख प्रहरी नायब उपरीक्षक राजेन्द्र पोखरेललाई हस्तान्तरण गरेका थिए ।

मित्रराष्ट्र भारतका विभिन्न ठाउँमा कोरोना भाइरस कोभिड १९को संक्रमण तथा मानिसको मृत्यु भइरहेका बखत भारतको पश्चिम बंगाल राज्यसँग सीमा जोडिएको पूर्वीनाका काँकरभिट्टा डिसइन्फेक्सन टनेलको आवश्यकता महशुस गरी जडान गरिएको हो ।

कूल ४० हजार रुपैयँमा निर्माण भएको टनेल निर्माणको लागत महेन्द्रद्वार सहकारी संस्था, आधुनिक बचत तथा ऋण सहकारी संस्था, मखमली महिला बचत तथा ऋण सहकारी संस्था, मेची मासु उत्पादक तथा उपभोक्ता सहकारी संस्था, नागरिक बचत तथा ऋण सहकारी संस्था र काँकरभिट्टा बचत तथा ऋण सहकारी संस्थाले व्यहोर्ने बताइएको छ ।

मान्छभित्र प्रवेश गर्दा खुट्टाबाट स्वीच अन गरेर प्रवेश गर्ने र मानिस टनेलबाट बाहिर निस्कँदा आफैं बन्द हुने गरी टनेलको निर्माण गरिएको छ । टनेलभित्र रहेका ५ वटा नोजलबाट इ एम घोलसँग मिश्रण गरिएको पानीको फोहोराले मानिसको पूरै शरीरको बाहिरी भाग भिजाउने भएकाले शरीरको बाहिरी भागमा रहेको भाइरस नष्ट हुने प्राविधिक पक्षले जनाएको छ ।

टनेलमा प्रयोग गरिएको इ.एम झोलको घोलमार्फत पूरा शरीरलाई डिसइन्फेक्सन गराएर मात्र प्रहरी कार्यालयभित्र प्रवेश गर्ने व्यवस्था गरिएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेलले बताए ।


**सस्तोमा घडेरी विक्री**

**झापाको बिर्तामोड-१, देवी पञ्चकन्या प्लटिङको उत्तरमा एक कठ्ठा आकर्षक घडेरी सस्तो मूल्यमा विक्रीमा रहेकोले खरिद गर्न इच्छुकले तत्काल सोझै सम्पर्क गर्नुहोला । मूल्य रु.४७ लाख मात्र ।**

**सम्पर्कः ९८२३७२६९७९**

**आकर्षक घडेरी बिक्रीमा**

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।**

**नोटः जम्मा जगाको क्षेत्रफल ११ कठ्ठा**

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


### रोगभन्दा ...

गराइरहेका व्यक्ति बढी जोखिममा रहेका छन् । ती व्यक्तिमा कुनै पनि कुरा सहन नसक्ने समस्या पाइन्छ । बालबालिका पनि रोगको जोखिम रहने डा. अधिकारीले बताए । उनीहरुमा रोग लागेपछि निको नै हुँदैन भन्ने चिन्ता हुनसक्छ । बालबालिकालाई रोगबारे सजग गरे पनि अभिभावकले सही सूचना दिएर अनावश्यक चिन्तामा जान दिन नहुने उनको सुझाव छ । उनले भने- जुनसुकै कुरालाई झिँझो मान्ने, निद्रा नलाग्नेलगायत यो रोगका लक्षण हुन् ।

कोभिड-१९का बारेमा आधिकारिक निकायका सूचना मात्रै पढ्न र सुन्न उनले सुझाव दिए । रोगका लक्षण देखिएपछि वा सङ्क्रमणको सम्भावना हुँदा आइसोलेसनमा गए पनि सामान्य अवस्थामा यो समय परिवारसँग बिताउन सकिन्छ । सामाजिक सञ्जालको अत्यधिक प्रयोग गर्नुभन्दा पारिवारका सबै सदस्य एक ठाउँमा बसेर कुराकानी गर्नु उपयुक्त हुन्छ । घरमा बस्दा हुने खाली समय सिनेमा हेर्ने वा संगीत सुनेर बिताउनुपर्ने उनको सुझाव छ । उनले भने- परिवार एकै ठाउँमा बस्दा एकले अर्काको कुरा सुन्ने हँदा डिप्रेसनको जोखिम कम हुन्छ ।

अहिलेसम्म मानसिक रोगको औषधिको समस्या भने भइनसकेको अस्पतालले जनाएको छ । अस्पतालमा भर्ना गरेर उपचार गर्न ५० शय्या रहेकामा अहिले पनि झण्डै ४० जनाको हाराहारीमा बिरामी छन् ।

अस्पतालमा धेरै कर्मचारी करारमा रहेकाले लकडाउन लम्बिँदा तिनलई तलब दिन भने समस्या आउनसक्ने देखिएको अस्पताल निर्देशक डा श्रेष्ठले बताए । अस्पतालमा ३१ जना करारका कर्मचारीलाई अस्पतालले नै तलब दिँदै आएको छ । उहाँले भने- लकडाउन अझै लम्बिँदा समस्या अझै बढी हुनसक्छ ।

### यसो...

कुण्ड बनाई मातातीर्थ नामकरण गरियो ।

यसरी हरेक वर्ष आजकै दिन आमा नहुनेले त्यहाँ गई कुण्डमा नुहाएर मीठामीठा खाद्यपदार्थ चढाई मातृ दिवस मनाउन थाले र मातातीर्थ मेला लाग्न थाल्यो । आमाको महत्वलाई संस्कृतका विभिन्न श्लोकमा यसरी वर्णन गरिएको छ, ‘मातृदेवो भवः पितृदेवो भवः आचार्यदेवो भव :’

*‘जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी ।’*

*‘कुपुत्रो जायते क्वचिदपि कुमाता न भवति ।’*

औँशीलाई पितृको तिथि मानिन्छ । भदौ कृष्ण औँशीमा बाबुको मुख हेर्ने पर्वका रुपमा मनाइन्छ । यस दिन बाबुलाई मीठा चीजबीज खान र राम्रा कपडा लगाउन दिइन्छ । बाबुको मुख हेर्ने दिन काठमाडौँ उपत्यकाको उत्तर पूर्वी भेगस्थित गोकर्णेश्वरमा दिवङ्गत पितृको सम्झनामा श्राद्ध गरिन्छ । गोकर्णेश्वरलाई पितृतीर्थका रुपमा लिइन्छ । यहाँ श्राद्ध गरेमा घर र मामाघरका समेत सात पुस्ताका पितृले मोक्ष पाउँछन् भन्ने मान्यतासमेत छ ।

### ऋणको ...

भने- मजदुरले अटो रिक्सा कुदाउन नपाएपछि उनीहरुले कसरी किस्ता तिर्छन्, उनीहरुले किस्ता नतिरेपछि हामी व्यवसायी घरको न घाटको हुने अवस्था आयो ।’

विपन्न समुदायका नागरिकहरु अटो रिक्सा चलाएर गुजारा चलाउँछन्- उनले भने- लकडाउन खुल्ने ठेगान छैन लकडाउनले मजदुर मात्र होइन हामी साना व्यवसायीहरु पनि ठूलो मारमा छौं । अहिलेको यो लकडाउनले विपन्न परिवारलाई ६ महिना पिरोल्छ उनीहरुलाई हामीले कसरी छिटो किस्ता तिर भन्ने समस्यामाथि समस्या छ ।

आफ्नो कम्पनी अहिले पनि सात सयवटा अटो रिक्सको जवानीमा बसेको छ- उनले भने- किस्ता तिर्न यदि कुनै कारणले कुनै ग्राहकले ढिलाई गरेभने बैंकले सञ्चालक म स्वयमलाई तागेता गर्छ । हामीले विदेशिने युवालाई स्वदेशमा रोजगारीको वातावरण सृजना गर्न किस्तामा अटो रिक्सा बेचेका हौं अहिले उनीहरुको पीडा भनिसाध्य छैन ।

विपन्न परिवारका नागरिकलाई स्थानीय तहले दैनिकी चलाउन समस्या भएको भन्दै उनीहरुको पहिचान गर्दै राहत सामग्री वितरण गरेपनि कतिपय अटो रिक्सा चालकले अझैं पनि राहत सामग्री पाएका छैनन् । यसतर्फ स्थानीय सरकारले ध्यान दिन जरुरी देखिएको छ ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९५०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# आमाहरुप्रति सम्मान प्रकट गरौं

एउटा गीतमा भनिएको छ– 'पहिलोचोटी बोली फुट्दा आमा भन्दै गाएँ ।' हो नेपाली मातृभाषीहरूले बोली फुट्दा उच्चारण गर्ने पहिलो शब्द नै आमा हो । यसले आमाको महत्व प्रमाणित पनि गरेको छ । गर्भमा आएदेखि जन्माउन, हुर्काउन, बढाउन र पढाउनसम्म अतिशय कष्ट खपेर सेवा र समर्पण गरेको छ त्यस्ती आमाको न विकल्प हुन्छ न त तुलना नै । शायद त्यसैले हाम्रो संस्कृतिमा जीवित ईश्वरमध्ये आमालाई सर्वोच्च मानिएको छ । त्यसपछि मात्र पिता, आचार्य अर्थात् गुरू र अतिथि अर्थात् अकस्मात् उपस्थित हुने पाहुनालाई जीवित ईश्वर भनिएको छ ।

आफूलाई बिर्सिएर सन्तानको सम्पूर्णताका निम्ति आजीवन समर्पित आमाको सेवा र समर्पण अतुल्य छ । त्यही कारण हुनसक्छ पूर्वीय संस्कृतिमा बैशाख महिना कृष्णपक्षको औंशीको दिनलाई मातातीर्थ औंशी भनिएको हो । यही दिनलाई आमाको मुख हेर्ने दिन पनि भनिन्छ । आमाको निस्पृह सेवाको स्मरण गर्दै उहाँप्रति कृतज्ञता ज्ञापन गर्ने सांस्कृतिक पर्व आमाको मुख हेर्ने दिन यसपटक विश्वभर फैलिएको कोरोनाको कहरले प्रभावित भएको छ । बिषम् परिस्थितिले बन्दी जस्तै बनिएका बेला मीठो खान र नयाँ नाना भेटी चढाउन पाइएन शायद । अनि पनि आमाको संस्थाप्रतिको स्नेह, आशिर्वाद लेश मात्रै पनि कम हुँदैन ।

आफू नखाएर, आफू नलगाएर, आफू ननिदाएर र आफू मात्रै पीडा बोकेर सन्तानको अनुहारमा खुशी खोज्ने एउटै प्राणी आमा हो । दया, माया, करूणा, त्याग र समर्पणकी प्रतिमूर्ति आमालाई आजन्म भुल्न हुँदैन, यदि भुलियो वा ममत्वको अवमूल्यन गरियो भने ठूलो क्षति व्यहोर्नुपर्नेछ । हिजोआज जीवनदायिनी आमालाई आमा भन्न छाडिएको छ । शायद त्यही कारण सन्तानहरू आमाप्रति बिनम्र र श्रद्धावान हुन छाडेका छन् । भौतिक विकासको उत्कर्षले हो कि ! मानिस एकांकी र संकीर्ण बन्दैछ । आमा बुवाको बृद्धता बृद्धाश्रममा कैद हुन थालेको छ । जसले आफूलाई यो अवस्थामा ल्याउन कुनै सम्झौता गरेन त्यसको पारितोषक असहाय जस्तै आश्रममा पुऱ्याइनु मानवीयता मरेको होइन र ? विशिष्टताले मानब कहलिएका हामी यही त्यागेपछि कसरी मानब नै रहन सक्छौं ?

मातातीर्थ औंशी पौराणिककालदेखि नै मान्दै आएको वैदिक सनातनी पर्व हो । यो दिन आमाद्वारा गरिएका कष्टकर र महान कर्महरूको स्मरण गर्नुपर्छ । जसले यो अमूल्य जीवन दियो, जसले यो सुन्दर संसार देखायो, जसले अतिशय कष्ट खपेर हामीमा मानबोचित गुण सञ्चार गऱ्यो ऊ अर्थात् आमाको संस्मरण गरौं, अन्तर हृदयदेखि सम्मान अर्पण गरौं । यद्यपि यो बर्ष बिषम् परिस्थितिले परम्परा भंग भएको छ तर आमालाई भौतिकताभन्दा आत्मीय प्रेम र सन्तानको सामिप्यता चाहिन्छ । त्यसैले यो दिनले कल्पवृक्ष सरहकी आमाप्रति श्रद्धा जागृत गराओस् । विश्वभरका आमाहरूको जय होस्, सबै मिलेर आमाप्रति नमन गरौं, श्रद्धा अर्पण गरौं ।

तीन पर्व एकै दिन

# लोकतन्त्र, विश्व पुस्तक दिवस र मातातीर्थ औशी

## लोकतन्त्र दिवस

०६२/०६३को जनआन्दोलनका ज्ञात-अज्ञात सम्पूर्ण शहीदहरुलाई सर्वप्रथम सम्झना, प्रजातन्त्र सेनानी सबैजना प्रजातान्त्रिक योद्धाहरु, विचारकहरु अनि जनयुद्धमा प्राण गुमाएका सपुतहरुलाई श्रद्धासुमन । सबैजनाको महान बलिदान र तपस्याको कारण नै आज संघीय लोकतान्त्रिक नेपाल १४ औं लोकतान्त्रिक दिवसको संघारमा आइपुगेको छ । बैशाख ११ अर्थात् नयाँ नेपालको खाका कोरिएको सुनौलो दिन, नेपालीहरुमा शुभकामना ।

राजसँस्थाको पारिवारिक र जहानियाँ प्रत्यक्ष शासन अन्त्य र लोकतान्त्रिक गणतन्त्रको संस्थागत पुनर्आगमन भएको दिन देशभर भव्यताका साथ मनाइँदैछ । २०६२/०६३को ऐतिहासिक दोश्रो जनआन्दोलन पश्चात बैशाख ११ गते निरंकुश राजतन्त्रले घुँडा टेकेको थियो । त्यतिबेला सशस्त्र युद्धरत् तत्कालीन नेकपा माओवादी र शान्तिपूर्ण सडक आन्दोलनकारी राजनीतिक दलहरु बीच सम्पन्न १२ बुँदे सहमति पश्चात १९ दिने ऐतिहासिक जनआन्दोलन भएको थियो ।

जनआन्दोलनको सफलतासँगै युद्धरत् नेकपा माओवादी शान्ति प्रक्रियामा फर्किएको थियो । आजैका दिन तत्कालीन राजा ज्ञानेन्द्र शाहले विघठित संसद् पुनःस्थापना गर्दै जनताको नासो जनतालाई नै दिएँ भनी शासनसत्ता नेपाली जनतालाई सुम्पिएर नारायणहिटी दरबारबाट बहिर्गमन भएका थिए । त्यही बैशाख ११ गतेको दिनलाई लोकतन्त्र दिवस भनेर मनाउन थालिएको हो । ०६२ अनि ०६३को आन्दोलनलाई नेपाली राजनीतिकै नयाँ मोड र अत्यन्त महत्वपूर्ण घडिका रूपमा लिइन्छ । देशलाई समृद्धिको बाटोमा हिडाउन संविधानसभाको यात्रा यही आन्दोलनबाट शुरु भएको थियो । फलस्वरुप सवै नेपालीको आकांक्षा पूरा गर्न २०७२ असोज ३ गते 'नेपालको संविधान-२०७२' जारी हुन सफल भयो ।

वर्षौंसम्म राजसँस्था पद्धतिमा देशको मुख्य शासक राजा रहने व्यवस्था थियो । ०४६ सालपछि संबैधानिक राजतन्त्रको स्थापना भएतापनि राजसंस्थाको वर्चस्व विभिन्न प्रकारमा शासन पद्धतिमा रहिनै रहेको थियो । देशको शासन पद्धतिमा मुख्य पदमा रहनका लागि राजपरिवारमै जन्मिन पर्ने क्रमको अन्त्य गर्दै आज स्वतन्त्र लोकतान्त्रिक नेपालमा हामीमध्ये जो कोहीले पनि राष्ट्रपति हुने सम्भावना बोकेका छौं । आजको मितिमा संघीय गणतान्त्रिक नेपालको दोश्रो राष्ट्रपति, नेपाली जनताकै छोरी महामहिम् राष्ट्रपति विद्यादेवी भण्डारी पदासीन हुनुहुन्छ । आजको दिन महामहिम राष्ट्रपतिले राष्ट्र र राष्ट्रवासीको नाममा सन्देश दिने चलन छ ।

यस अवसरमा चोक चौताराहरुमा दीप प्रज्ज्वलन, नगर तथा टोल सरसफाई, प्रभातफेरि र प्रवचन, जनआन्दोलनका शहीदहरुको सम्झना र घाइते तथा उनीहरुका परिवारलाई सम्मान गरिँदै आएको छ । आज मानवअधिकार र लोकतन्त्रका पक्षमा क्रियाशील दर्जनौं संघ-संस्थाहरुले खबरदारी सभाहरु आयोजना गर्ने गरेका छन् । उनीहरुले ऐतिहासिक आन्दोलन पश्चात गठन भएको संविधानसभाले जारी गरेको नेपालको संविधान(२०७२) को प्रभावकारी कार्यान्वयनका लागि सरकार समक्ष माग गरेका छन् ।

धेरैपछि लोकतन्त्रात्मक नेपालले निर्वाचित बहुमतको सरकार पाएको छ अनिसँगै चुलिएका छन् लोकतन्त्रप्रतिका नेपाली अपेक्षाहरु । आउँदा वर्षमा नेपाली भूमिमा लोकतन्त्रको सकारात्मक चर्चा अनि असल प्रभाव कायम रहोस् । सामन्तवाद, गैरराष्ट्रवाद भनिए पनि सामन्तिका ढुकुटी फुट्नै सकेन । गरीव झन गरीवै नै रहे । जनआन्दोलन पश्चात नागरिकहरुमा पलाएका आशाहरु निराशामा परिणत हुँदै गए । शहीद र घाइतेका परिवारहरुका पीडा उस्तै छन् ।

लोकतन्त्रलाई सच्चा अर्थमा लोकतन्त्र साबित गराइयोस्, छोराछोरीलाई विदेश पठाएर ल्याएको ज्यालालाई रेमिट्यान्स या विप्रेषण जे भने पनि, दिगो हुँदैन । नेपालीहरु ज्यालादारी गरेर कमाउन जाने मजदुर मात्र हैनन्, विश्व परिपेक्ष्यमा नेपालीहरुको गहकिलो उपस्थितिलाई लोकतन्त्रले उजागर पनि त गर्न सकेको छैन । न्याय र समृद्धिको वास होस् । हरेक चुल्होमा आगो बलोस्, आँगनमा फूल फूलोस् अनि मनमा नेपालीपन होस् ।

## विश्व पुस्तक र प्रतिलिपि अधिकार दिवस

माथि प्रकाश होस्, बिचमा वस्तु होस् अनि छाँया त बन्छ नै, कि कसो ? हो यसै छाँया अनि वस्तुको अवस्थितिलाई ध्यानमा राखेर विश्वभरि कागज अनि अन्य वस्तु, विचार अनि शब्दाशंहरुको प्रतिलिपि या छाँया लिपि बनाउने चलन छ । सामान्य भाषामा हामी कपी, या फोटोकपी या जेरोक्स भन्दछौ, आज अप्रिल २३ का दिन विश्वले पुस्तक र प्रतिलिपि अधिकार दिवस मनाउँदछ ।

कार्यालय अनि अध्यन संकायहरु अगाडि हुल देखिन्छ, मानिसहरुको । यस्तै हुल छ विदेश जाने लाइनमा भएकाहरु, कामकाजीहरु अनि अन्य धेरै जनाको । कागजपत्रको फोटोकपी गर्न र यो कपी अर्थात् फोटोकपीको सहजतासँगै बढ्दै गएको छ, वैचारिक अनि शब्दांश चोरी गर्ने क्रम ।

फेसबुकका स्ट्याटस, विचार, लेख, कथा, कविता अनि नाटक चोर्ने क्रम सामान्य भइसकेको छ, हैन र ? तर एउटा लेखकका हेतुले तिनै विचारहरु मन्थनका लागि हाम्रो दिमागी लगानी र ती विचारप्रतिको हाम्रो स्वामित्व कपी पेष्ट र फोटोकपी गर्ने चलनले ह्रास आउँदै गएको छ । पुस्तकको दायरालाई फराकीलो पार्ने हो भने कागजी अभिव्यक्तिलाई पुस्तकका रुपमा लिन सकिन्छ किनभने पुस्तकको मोटाई, गोलाई, रगं अनि कागजको गुणस्तरभन्दा पनि त्यसमा लेखिएको शब्द, विचार र प्रतिबिम्बको महत्व बढी हुन्छ । स्मरण गरौं, विश्वमै सर्वाधिक विक्री भएका पुस्तकहरु पनि एक समयमा सादा कागजका सेता र सरल पाण्डुलिपी मात्र हुन् । लेखन एउटा ऐतिहासिक व्यवसाय र समाज सेवाको स्वरुप हो, समाज जागरणको शिलास्तम्भ हो । बाल्मीकीदेखि वेद व्याससम्म, शेक्स पियरदेखि वर्डस वर्थसम्म, म्याक्सिम गोर्कीदेखि चेकभसम्म लेखकले समाजलाई समाजकै ऐना देखाइदिएका छन् ।

नेपाली परिवेशका युगकवि मोतीराम भट्टलाई आज सम्झना गर्न चाह्यौ जो विना आदिकवि भानुभक्तका धेरै कृतिहरु हामीमाझ आउने थिएनन् । उनको निस्वार्थ भाव र लेखक या सर्जक प्रतिको सम्मानले नै भानुभक्त आज भानुभक्तका रुपमा हामीमाझ छन् । सर्जकलाई श्रृजनाको अधिकार दिनुनै आजको दिनको उदेश्य हो । मूलभूत रुपमा कागजी, वैचारिक र अभिव्यक्तिका कुराहरु आजका दिनले सम्बोधन गर्दछ ।

शब्द किन्ने र चोर्ने नभइकन शब्दको सम्मान गर्न सिक्नु पर्दछ, शब्द त केवल भावनाको प्रतिरुप हो र भावनाको किनवेच अक्षम्य र असम्भवप्राय छ । सबैजना पाठकलाई नमन गर्दै सर्जकलाई सम्मान गर्दछ ।

कसैको विचार साभार गरेर लेख्दैमा हामी साना हुँदैनौ नि, हैन र ? त्यसमाथि विश्व साहित्यका विभिन्न कृतिहरुलाई अनुवाद गर्दै आ-आफ्ना भाषामा उतार्न पनि एउटा कला हो, लेखकलाई साभार गर्दै अनुवाद गर्नुभन्दा पनि सोझै आफ्नै नाममा सर्जकको खाता खोल्नु राम्रो हैन । प्रतिलिपि अधिकार र विश्व पुस्तक दिवसले यिनै कुराहरुलाई पनि याद गराउँछ ।

विश्व साहित्यमा २३ अप्रिल एउटा महत्वपूर्ण दिवस हो, सन् १६१६मा आजकै दिन सेक्सपियर अनि गारसिलासो डेला भेगा जस्ता युगान्तकारी लेखक र साहित्यकारको मृत्यु भएको थियो । यूनेस्कोले सन् १९९५को आफ्नो साधारण सभाको वैठकमा एप्रिल २३ लाई विश्वभरिका लेखकलाई प्रेरित गर्न, लेखनलाई उत्साहित गर्न र लेखकहरुको सम्मानस्वरुप विश्व पुस्तक र प्रतिलिपि अधिकार दिवस प्रस्ताव र स्वीकृत गरेको हो ।

आजको दिन त्रिपक्षीय रुपमा दायित्व बोध गर्दै मनाइन्छ, प्रकाशक, बिक्रीकर्ता र पुस्तकालयहरु । यिनै तिन पक्षहरु नै मूलभूत रुपमा पुस्तक र पाठकबीचका सेतुहरु हुन् । आजको दिन पठन, लेखन अनि प्रतिलिपिको अधिकार र सीमाका वारेमा विश्वभरि नै जानकारी गराइन्छ । पुस्तकहरु मानिसका अनन्य मित्रहरु हुन्, पढ्ने चलन नघटोस् । पुस्तकालय अगाडिको पाठकको संख्या नघटोस् अनि लेख्नेलाई लेखेर खान सक्ने र चिनिन सकिने वातावरण श्रृजना होस् ।

*सुन्नेलाई सुनको माला, पढ्नेलाई फुलको माला*
*प्रतिलिपि अधिकार र पुस्तक दिवसको विश्वलाई शुभकामना ।*

## मातातीर्थ औंशी

*मातृदेवो भव :*
*पितृदेवो भव :*
*आचार्यदेवो भव :*
*'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी'*
*'कुपुत्रो जायते क्वचिदपि कुमाता न भवति'*

उल्लेखित संस्कृत श्लोकहरुले आमा अर्थात् मातृ महिमा बोकेका छन् । आज वैशाख कृष्णपक्षको औंशी- यिनै महिमा बोकेकी आमाको मुख हेर्ने दिन अर्थात् मातातीर्थ औंशी । शास्त्रहरुमा आमालाई पिताभन्दा उच्च स्थानमा राखिएको पाइन्छ । यसरी श्रद्धा, भक्ति, सम्मान र आदर गरिएकी आमालाई मिठो खान तथा राम्रो लगाउन दिइ छोराछोरीहरुले आमाबाट शुभ आशिर्वाद ग्रहण गर्ने चलन छ । आमाप्रति विशेष भक्ति र भावयुक्त सम्मान गरिएको हुँदा यस दिनलाई आमाको मुख हेर्ने दिन भनिन्छ । यस घडिलाई मातातीर्थ औंशी, मातृऔंशी एवम् मातृ दिवस पनि भन्ने गरिन्छ । आजको दिन आमाप्रति सम्मान र आमालाई सम्झनेदिन हो । संसारको सबैभन्दा पवित्र नाता, आमा, संसारको सबैभन्दा पवित्र सम्बोधन, आमा

*हामीमध्य धेरैले सर्वप्रथम बोल्न सीकेको शब्द, आमा*
*अनि पल-पलमा सम्झना आउने, सुख*
*दुःखमा झझल्को आउने एउटा अनुहार, आमा*

बिहान सबेरै उठी स्नान गरी आमालाई उपहार प्रदानगर्ने, मिष्ठान्न भोजन खुवाई आमाको मुख हेर्ने र आशिर्वाद लिने गरिन्छ । आज आमाबाट टाढा रहेका सन्तानहरु आमालाई भेट्न पुग्छन् । आमालाई मीठा खानेकुरा खुवाउँछन् । विवाह गरेर पतिका घर गएका चेलीबेटीहरु मीठा परिकारहरुसहित आमाघर अर्थात् माइत पुग्दछन् । विभिन्न कारणले आमालाई भेट्न नपाएकाहरुले भने सञ्चारका साधनहरुमार्फत पनि सम्झने गर्दछन् । मानिसहरुले सामाजिक सञ्जालहरुका माध्यमबाट पनि आमाप्रतिका भावना सम्झनाहरु व्यक्त गर्दछन् । पौराणिक कालदेखिनै मनाउँदै आएको यस आमाको मुख हेर्ने दिन आमाले गरेका महान र कष्टपूर्ण कामहरुको सम्झना गरिन्छ । आमा नभएकाहरूले पनि आमाको आत्माको मुक्तिको कामना गर्दै आज श्राद्धतर्पण गरी मातृत्वको स्मरण गर्दछन् । आज काठमाडौं उपत्यकाका नेवार समुदायले भने भक्तपुरको हनुमानघाट पुगी आमाको सम्झनामा परम्परा अनुसार श्राद्ध तर्पण गर्दछन् ।

तपाँई पनि आमावाट पर हुनुहुन्छ भने एकफेर आमालाई फोन गरेर आवाज सुन्ने पो हो कि ? या आमाको याद अनि स्मरण गर्दै साथीभाइसँग आफ्नी आमाको वर्णन र स्नेहको वृतान्त सुनाएर आमाको याद ताजा गर्ने पो हो कि ? जे गर्नुहुन्छ, राम्रो काम गर्नुहोस्, जगतको भलो होस्, आमाको माया र उहाँले खुवाउनुभएका दूधका धर्साहरु प्रति हामी वफादार र इमान्दार हुन जरुरी छ । आजभोलि विभिन्न कारणले आमा बुवालाई वास्ता नगर्ने अनि वृद्धाश्रम लगायत आगन्तुक ठाउँमा लगेर राख्ने चलन बढ्दै गएको छ, जून मानवताप्रति नै एउटा आक्षेप हो । समय त खोला न हो, आफूले गरेका कुराहरु आफैलाई फर्किने समय पनि आउँछ, वगेको समयमा आफ्नो दायित्ववाट विमुख हुनु मानव चरित्र पक्कै हैन है । मातातीर्थ औंशीका दिन काठमाडौंको थानकोट नजिकै अवस्थित मातातीर्थमा धुमधामका साथ मेला लाग्ने गर्दछ । तिर्थाटनमा सहभागीहरुले मातातीर्थ कुण्डमा स्नान गर्दछन् । जनश्रुति अनुसार पहिले मातातीर्थमा गोठालाहरुले गाईवस्तुहरु चराउने मैदान थियो ।

**प्रस्तुतिः सुयोग ढकाल**

## चट्याङ लागेर ५ जना घाइते, चौपायाको मृत्यु

**बिराटनगर, बैशाख १०।** १ नम्बर प्रदेशका बिभिन्न स्थानमा बर्षासँगै चट्याङ पर्दा चट्याङले लागेर ५ जना मानीस घाइते भएका छन् भने सात चौपायाको मृत्यु भएको छ ।

उदयपुरको कटारी नगरपालिका-११ बेतीनीका ५५ बर्षीय चन्द्रबहादुर मगरको घरमा अचानक चट्याङ पर्दा चट्याङले लागेर चन्द्र मगरसहित निजको श्रीमती ४८ बर्षीया मनकुमारी मगर, आमा ७० बर्षीया मनमाया मगर र छिमेकी सुमन मगर सामान्य घाइते भएका छन् । उक्त चट्याङले लागेर मगरको गोठमा बाधीराँखेको १ वटा बाखा समेत समेत मरेको छ । यसैगरी सोही नगरपालिका-६ रिस्कुमा अचानक चट्याङ पर्दा स्थानीय मेनुका राईको १२ बर्षीय छोरा अस्मान राई सामान्य घाइते भएका छन् ।

उक्त चट्याङले लागेर छिमेकी खुमबहादुर राईको खोरमा रहेका ३ वटा सुंगुर र धनकुमारी राईको खोरमा रहेका २ वटा सुँगुर मरेका छन् ।

यस्तै इलामको फाकफपोकथुम गाउँपालिका-२ कालबोटेका इन्द्रबहादुर चौहानको गोठमा अचानक चट्याङ पर्दा गोठमा बाँधिरहेको १ वटा भैसी मरेको बताइएको छ भने ताप्लेजुङको त्रिवेणी गाउँपालिका-२ फुलवारीका हरिलाल पाठकको घरमा चट्याङले लाग्दा घरको गाह्रो चर्काएको र सोलार प्यानलमा क्षति भएको छ ।

## गौरीगञ्जमा ३५३४ परिवारलाई राहत

**गौरीगञ्ज, बैशाख १०।** गौरीगञ्ज गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषको बजेट र विभिन्न संघ-संस्थाबाट आएको राहत सहयोगसमेत पहिलो चरणको राहत वितरणमा सकिएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले ३५ सय ३४ परिवारलाई १० केजी चामल, एक लिटर तेल, एक केजी नुन र एक केजी दाल वितरण गरेको थियो । अब दोस्रो चरणमा गाउँपालिकाको चालू खर्च तर्फको र पुँजीगततर्फको विकास बजेटबाट भए पनि विपन्नलाई राहत दिने गाउँपालिकाले जनाएको छ ।

भारतीय सीमासँग जोडिएको गौरीगञ्ज गाउँपालिकामा सीमान्तकृत सन्थाल, मुसहर, गिरी, माझी (मधेशी समुदायका), मुस्लिम तथा आदिवासीको बहुल्यता छ । उनीहरू अधिकांश सुकुम्बासी छन् । उनीहरूले परिवार धान्ने पेशा नै दैनिक ज्यालादारीमा मजदुरी गर्ने हो ।

उनीहरूको कम्तिमा एक परिवारमा ४ देखि ७ जनाको परिवार सदस्य छन् । गौरीगंज गाउँपालिका वार्ड नं. ४का बाह्रसुद्दी मुसहर वस्तीका शोभालाल ऋषिदेव भन्छन् - 'राहत त पाइयो तर सकिगो नि । रोगले भन्दा पनि भोकले मर्ने भइयो ।'

सोही वार्डको सुनीराम टोलका फरक क्षमता भएका (दृष्टिविहिन) मानिकचन गिरीको पनि अवस्था उस्तै छ । ६ जना परिवारसंगै रहेका विपन्न परिवारका गिरीको छोराले जनमजदुर गरेर ल्याएको पैसाले आफ्नो जिविका चलेको उनले बताए । 'बिहान खायो साँझको छाकको चिन्ता हुन्छ'- उनले भने - '१० किलो चामल सक्यो अब के खाने सरकार ?'

'१० केजी चामलले त कति दिन पुग्छ ? फेरि अब कहिले पाउँछौं भन्न थालेका छन्'- गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठ भन्छन् - 'दाताबाट आएको र हामीले छुट्याएको रकम पहिलो चरणको राहत बाँड्दै सकियो । यसरी त धान्नै मुस्किल हुन्छ ।'

पहिलो चरणमा बाडिएको राहत कार्यमा केही त्रुटी भएको भए पनि यसलाई सच्चाएर जाने बताउँदै अध्यक्ष श्रेष्ठले पहिलो चरणमा वार्डबाट छुटेका १५ सय ६ घर परिवारलाई राहत वितरण गरेपछि दोस्रो चरणका लागि योजना बनाउने बताए ।

हामीले अरू बजेटलाई रकमान्तर गरेर भएपनि विपन्नलाई दोस्रो चरणको राहत दिने अध्यक्ष श्रेष्ठ बताउँछन् । लकडाउन बढ्दै जाने र केन्द्रबाट सहयोग नआउने हो भने स्थानीय तहले थेग्न नसकिने उनले बताए ।

गाउँपालिकाले पहिलो चरणमा ३५ सय ३४ परिवारलाई राहत वितरण गरिसकेको छरु। यो बाहेक वार्डमा छुटेका थप १५ सय परिवारलाई राहत दिने निर्णय गरेको छ । तर अब यी परिवारलाई दोस्रो चरणमा कसरी राहत दिने भन्ने अन्योलमा गाउँपालिका रहेको देखिन्छ ।

'पहिलो चरणमा विपन्न परिवारसहित क्वारेन्टाइन रहेका र सुरक्षाकर्मीमा समेत खर्च हुँदा विपन्न कोषको बजेट सकियो, गाउँपालिका उपाध्यक्ष दिपीन्द्र थापा भन्छन्- 'अब गाउँपालिकाको चालू र पुँजीगत बजेटबाट रकमान्तर गरेर दोस्रो चरणको राहत दिनुपर्छ ।'

प्रदेश र संघलाई कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि थप बजेटका लागि अनुरोध गरिसकेको भन्दै उपाध्यक्ष थापाले अब सरकारले तराई मधेश समृद्धि कार्यक्रमको सट्टा कोभिड-१९ लाई नियन्त्रण तथा रोकथामका लागि तराई मधेश सुरक्षा कार्यक्रम लागू गर्नुपर्ने उपाध्यक्ष थापाको सुझाब छ ।

## अर्जुनधारामा मास्क, औषधि र मल बितरण



**अर्जुनधारा, वैशाख १०।** विश्वभरि महामारीकोरुपमा फैलिरहेको कोभिड-१९ रोगको संक्रमणबाट हुने जोखिमलाई नियन्त्रण गर्न सरकारले लागू गरेको लकडाउनको समयमा अर्जुनधारा-१० वडा समितिको समन्वयमा विभिन्न सामग्री वितरण गरिएको छ ।

वडाध्यक्ष बलदेव गोम्देनका अनुसार अत्यावश्यक सेवाका लागि बाहिर निस्कनुपर्ने व्यक्ति र ज्येष्ठ नागरिकलाई लक्षित गरी बुधबार वडामा रहेका पाँच वटा टोल विकास मार्फत् दुई हजार थान सर्जिकल मास्क वितरण गरेको जानकारी दिए ।

टोल विकास १का स्थानीय ज्येष्ठ नागरिक ज्ञानबहादुर तामाङलाई सर्जिकल मास्क लगाई उक्त कार्यक्रमको उद्घाटन गरिएको थियो । वितरण गरिएको उक्त मास्कहरुमध्ये एक हजार थान इञ्जिनियर सुशील श्रेष्ठ र एक हजार थान औषधि व्यवसायी घनेन्द्र खनालले प्रदान गरेका हुन् ।

त्यसैगरी समितिले अर्का औषधि व्यवसायी नरेन्द्र बरालको सहयोगमा प्रदान भएको एक लाख ५० हजार बराबरको प्रेसर र सुगरको औषधि वडामा रहेका प्रेसर र सुगरका बिरामीहरुलाई हाल वितरण गर्ने कार्य भइरहेको वडा सदस्य भोला गौतमले बताए । त्यस्तै वडा समितिको समन्वयमा मेचीनगर-१२स्थित जुनतारा कृषि सहकारी संस्थामार्फत् वडामा रहेका कृषकहरुलाई यस अघि ५० बोरा युरीया वितरण गरिएको र थप ५० बोरा वितरण गर्ने तयारी भइरहेको बताइएको छ ।

समितिले यस अघि नगरपालिका र दाताहरुको समन्वयमा वडाका विपन्न नागरिकहरुलाई लक्षित गरी पहिलो चरणमा ५७८ जनालाई राहत सामग्री वितरण गरेको अर्का वडा सदस्य सकुन्तला बरालले जानकारी दिइन् ।

सामुदायिक वन उपभोक्ता महासंघका उपाध्यक्ष प्रेम घिमिरे भन्छन्–

# ‘राहतसंगै दाउरा पनि वितरण गरिरहेका छौं’



**प्रेम घिमिरे:** उपाध्यक्ष सामुदायिक वन उपभोक्ता महासंघ नेपाल झापा

गत चैत ११ गतेदेखि गरिएको मुलुक लकडाउनका कारण सबै क्षेत्र ठप्प छ । कोरोना भाइरस कोभिड-१९को संक्रमण फैलन नदिन सरकारले उच्च सर्तकता अपनाउँदै सबैलाई घर-घरमा बस्न आग्रह गरेसंगै सर्वसाधारण घर-घरमा छन् ।

लकडाउनका कारण अहिले विपन्नवर्ग सबैभन्दा ठूलो मारमा छन् । मजदुर र विपन्नवर्गलाई दैनिक गुजारा नै चलाउन समस्या परेपछि स्थानीय तहले आ–आफ्ना पालिकाका नागरिकलाई राहतका कार्यक्रम घोषणा गर्दै खाद्यान्न वितरण गरिरहेका छन् ।

पालिकासँग-सँगै स्थानीय संघसंस्था, दाता र विदेशमा रहेका नेपालीहरूले समेत विपन्न समुदायलाई दैनिकी चलाउन सहज होस् भन्दै सहयोग गरिरहेका छन् । विशेष गरी दैनिक ज्याला मजदुरी गर्ने, सुकुम्वासी समुदाय नै अहिले सबैभन्दा ठूलो मारमा छन् । उनीहरूका लागि राहत अहिलेको पहिलो प्राथमिकता भन्दै धमाधम खाद्यान्न बितरण भइरहेको छ । स्थानीय तहले खाद्यान्न बितरण गरे पनि पकाउने दाउराको अहिले उस्तै समस्या छ । वन क्षेत्रमा दाउरा खोजेर जीवन निर्वाह गर्नेलाई लकडाउनले ठूलो असर गरेको छ । अहिले सबै क्षेत्र पूर्णरूपमा कलडाउन भएपछि खाने अन्न भए पनि पकाउने दाउरा नहुँदा विपन्न नागरिक मारमा छन् । उनीहरूलाई नै मध्यनजर गर्दै जलथल–चारकोसे वन महासंघले अन्तर्गतका सामुदायिक वनले आफ्ना उपभोक्ता र विपन्न समुदायका नागरिकलाई निःशुल्क दाउरा वितरण गर्न शुरू गरेको छ ।

राहत सामग्रीसहित दाउरा वितरणका विषयमा स्थानीय महासंघ बाह्रदशी गाउँपालिका अध्यक्ष तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपाल झापाका उपाध्यक्ष प्रेम घिमिरेसँग पूर्वाञ्चल दैनिकका सहसम्पादक **सुरेन्द्र भण्डारी**ले गरेको कुराकानी ।

**राहत स्वरुप दाउरा नै किन वितरण गर्नुपर्‍यो ?**

- अहिलेको प्रमुख समस्या भनेको सबै नागरिकलाई कसरी रोगमुक्त बनाउने भन्ने हो । यो विषयमा सरकार लागीपरेको छ । विश्वव्यापी रुपमा देखिएको कोरोना भाइरस कोभिड- १९को संक्रमण नेपालमा पनि देखिएको छ । विश्वमा यो रोगका कारण लाखौ मानिस प्रभावित भएका छन् । अनि झण्डै दुई लाख मानिसले ज्यान नै

**स्थानीय वन महासंघ भद्रपुर अन्तरगत रहेका वन उपभोक्ता समूह**

| सामुदायिक वन समूह | घरधुरी संख्या |
|---|---|
| दियालो सामुदायिक वन | २७५ |
| दशरथपुर सामुदायिक वन | ३०० |
| विशाल सामुदायिक वन | ३५० |
| कमलधापा सामुदायिक वन | ४५० |
| मायालु सामुदायिक वन | ४७५ |
| कालिमन्दिर सामुदायिक वन | २५० |
| जम्मा | २१०० |

गुमाइसकेका छन् । हाम्रो जस्तो मुलुकमा यो रोगको संक्रमण फैलिएर महामारीको रुप लियो भने कल्पनासम्म गर्न सकिँदैन । अवस्था भयावह हुन्छ । त्यसैलाई मध्यनजर गर्दै सरकारले मुलुक लकडाउन गरेको छ । यो हामी सबले वुझ्केकै विषय हो । यस्तो अवस्थामा सबै नागरिक घरमै बस्नुपर्ने हुन्छ । यस्तो अवस्थामा सबैभन्दा बढी मार्कामा विपन्न समुदाय छन् । मजदुर छन् । दैनिक ज्यालादारीमा काम गर्ने मानिस छन् । जसको दिनहुँ कमाएर ल्याएर घर चलाउनुपर्ने छ, त्यो वर्ग अति नै पीडित छ । अझ अहिलेको यो समयमा सबैतिर ठप्प हुँदा विपन्न परिवारलाई खानेकुरा उपलब्ध गराए पनि पकाएर खाने दाउरा छैन । किनकि उनीहरु बिहान जन मजदुर गर्न जान्छन्, बेलुका फर्कदा खानेकुरासंग अंगालोमा दाउरा पनि च्यापेर आउँछन् । उनीहरुलाई अहिलेको समयमा समस्या भएकाले हामीले दाउरा पनि देखेका छौं र दाउरा पनि वितरण गर्नुपर्छ भन्ने मान्यताका साथ यो कार्य शुरु गरेका हौं ।

**अहिलेको आवश्यकता दाउरा हो र ?**

- अहिलेको प्रमुख समस्या झट्ट देख्ने खानेकुरा नै हो । खाना नै भएन भने प्राण कसरी धान्ने भन्ने हुन्छ । तर, सबै मानिस एकै खाले हुँदैनन् नि । खानेकुरा भएर पनि पकाउने दाउरा भएन भने के मा पकाएर खाने । बस्ने घर त राम्रोसँग बनाउन सकेका हुँदैनन् कतिपयले । त्यस्ता वर्गलाई लक्षित गरेर हामीले दाउरा पनि राहतको सामग्रीमा वितरण गर्नुपर्छ भन्ने मान्यताका साथ दाउरा वितरण गर्न शुरु गरेका हौं । शुरुमा हामीले खाद्यान्न नै वितरण गरेका थियौं । तर, त्यो वेला थाहा भयो कि खानेकुरा वितरण गरेर मात्र पुग्ने रहेन छ । किनकि दिनभरि जनमजदुर गरेर बेलुका घर फर्कदा अंगालोमासँगै दाउरा ल्याएर पकाएर खाने परिवार पनि धेरै छन् । उनीहरुले दाउराको जोहो गरेका हुँदैनन् । अहिले सबैतिर ठप्प भएपछि उनीहरु हिँड्डुल गर्नबाट बञ्चित छन् । यस्तो अवस्थामा दाउरा पनि अत्यावश्यक छ भनेर हामीले हाम्रा उपभोक्ता र विपन्न परिवारका नागरिकलाई राहत स्वरुप दाउरा वितरण गर्न शुरु गरेका हौं ।

**स्थानीय वन महासंघ बाह्रदशी अन्तर्गत रहेका वन उपभोक्ता समूहहरु**

| सामुदायिक वन समूह | घरधुरी संख्या |
|---|---|
| मनकामना सामुदायिक वन | १२९३ |
| साधुपर्ती सामुदायिक वन | ४०० |
| लक्ष्मीथान सामुदायिक बन | ६१२ |
| जम्मा | २३०५ |

**कति उपभोक्तालाई प्रति परिवार कति दाउरा दिनुहुन्छ नि ?**

- हामी झण्डै ११ सय विपन्न घर परिवारलाई दाउरा वितरण गर्छौं । हामीले बिहान बेलुका आगो बाल्न नै खाँचो हुने परिवारको तथ्याङ्क संकलन गर्दै उनीहरुलाई दाउरा वितरण गर्न शुरु गरेका छौं । जलथल-चारकोशे वन अन्तर्गत २२ वटा सामुदायिक वन उपभोक्ता समितिले यो कार्य गर्छन् । विपन्न परिवारको घर-घरमा हार लगाएर

**स्थानीय वन महासंघ कचनकवल अन्तरगत रहेका वन उपभोक्ता समूह**

| सामुदायिक वन समूह | घरधुरी संख्या |
|---|---|
| दिपज्योति सामुदायिक वन | ६३५ |
| अभिमुक्तेश्वर सामुदायिक वन | ७३५ |
| पूर्व देउराली सामुदायिक वन | ७३५ |
| पाथीभरा सामुदायिक वन | ७०५ |
| त्रिवेणी सामुदायिक वन | ७२० |
| देउराली चारकोशे सामुदायिक वन | ७४६ |
| दुर्गाभिट्टा सामुदायिक वन | ६४० |
| जम्मा | ४८१६ |

दाउरा राखेको हुँदैन । उनीहरुसंग खाना पकाउनका लागि ग्यास चुल्हो नै हुन्छ । अझ चिया बगानमा काम गर्ने मजदुर त चिया बगानमा दिनभरि काम गर्ने अनि वेलुका फर्कदा त्यही बगानमा झेलिएका झिक्रा टिपेर ल्याएर खाना पकाउने परिवार छन् । त्यस्ता परिवारका लागि प्रतिपरिवार एक क्वीटल दाउरा दिने निर्णय भएको छ । सोही निर्णय बमोजिम उनीहरुलाई आवश्यकताका आधारमा दाउरा बितरण हुँदैछ ।

**यसो गर्दा वन विनाश हुँदैन ?**

- यसो गर्दा वन विनाश होइन, वन संरक्षण चाहिँ हुन्छ । किनभने विकल्प नभएपछि ज्यान छोडेर भए पनि दाउरा खोज्न मानिस वन छिर्छन् । वन छिरे भने काट्ने भनेको सखुवाका लाथ्रा नै हो । लाथ्रा काट्न सजिलो हुन्छ । विपन्न ११ सयभन्दा बढी विपन्न परिवार एकपटक मात्र हामीलाई छक्याएर वन छिरे भने वन सखाप हुँदैन र ? त्यसो भएको हुँदा हामीले उनीहरुलाई ढलापढा रुपको खोजी गर्दै कुकाठका दाउरा दियौं भने उनीहरुको समस्या पनि हट्यो, वन पनि संरक्षण भयो । वन जोगाउनका लागि पनि यो काम अत्यन्त राम्रो हामीले ठान्यौं । आखिर वन क्षेत्रभित्र ढलेका रुख खोजेर घाटगद्दी गर्दै उनीहरुलाई बरावर रुपमा दाउरा वितरण गरियो भने हामीलाई वन समितिले विपद्मा सम्झिएको छ । वन हाम्रै रहेछ यसलाई जोगाउनुपर्छ भन्ने अपनत्व हुन्छ । वन आफ्नो हो भन्ने अपनत्व नभएसम्म वन संरक्षण गर्न मुस्किल छ । अहिले झापाका ५९ वटा वन समुदायमा हस्तान्तरण भएका छन् । सवै वनको संरक्षण गर्नु हाम्रो दायित्व हो ।

**जलथल– चारकोशे वन महासंघ अन्तर्गत रहेका वन समूहमा कति उपभोक्ता रहेका छन् ?**

- कोही ठूला वन छन्, कोही साना । यस अर्थमा कि कुनै वनले धेरै क्षेत्रफल ओगटेको छ र कुनैले थोरै । थोरै क्षेत्रफल ओगटेका वनमा पनि धेरै उपभोक्ता र धेरै क्षेत्रफल ओगटेका वनमा पनि कम उपभोक्ता छन् । समग्रमा हाम्रो जलथल-चारकोशे वनमा १२ हजार १ सय ५१ उपभोक्ता घरधुरी छन् । २२ वटा समिति छन् हामीसंग । जसमा छुट्टाछुट्टै चारवटा स्थानीय महासंघ छन् । वाह्रदशी, कचनकवल, हल्दिवारी र भद्रपुर स्थानीय महासंघ हुन् । स्थानीय महासंघकै मातहतमा २२ वटा वन समिति हुन् हाम्रा ।

**लकडाउनको समयमा अहिले वनमा चोरी तस्करी भइरहेको छ भन्ने जनगुनासो छ नि यसलाई रोक्न के गर्दै हुनुहुन्छ ?**

- जनगुनासो आउनु स्वभाविक हो । जनगुनासो नै आएन भने वन उपभोक्ता समिति सक्रिय रहँदैनन् । वन रक्षक सक्रिय हुनुपर्छ । त्यसो भएको खण्डमा वनको हेरचाह राम्रो हुन्छ । तर, तपाईले उठान गरेको प्रश्न

**स्थानीय वन महासंघ हल्दिवारी अन्तरगत रहेका वन उपभोक्ता समूह**

| सामुदायिक वन समूह | घरधुरी संख्या |
|---|---|
| पाथीभरा कालिका सामुदायिक वन | ८०१ |
| शान्ति सामुदायिक वन | ३६० |
| रातमाटे सामुदायिक वन | २६५ |
| रणकाली सामुदायिक वन | ४२९ |
| हरियाली समुदायिक वन | ४८६ |
| चौकी विरान सामुदायिक वन | ५८९ |
| जम्मा | २९३० |

जस्तो छैन । हिजो मुलक लकडाउन नहुँदासम्म वन क्षेत्रमा घास दाउरा गर्न जाने कुरा थियो । तर, अहिले मुलुक लकडाउन भएसँगै पूर्णरुपमा वन क्षेत्र बन्द छन् । यदाकदा खरव नियत भएकाहरु जंगल प्रवेश गरेको हामीले पनि सुनेका छौं । उनीहरुलाई वन क्षेत्रमा प्रवेश गर्न नदिन जिल्ला वनसंग, प्रहरीसंग र वन समूहका पदाधिकारीसंग आवश्यक छलफल भएर वन रक्षक परिचालन गर्ने निर्णय भएको छ ।

सोही निर्णय बमोजिम अहिले वन रक्षक, वन हेरालु र वन उपभोक्ता समितिका पदाधिकारीलाई आवश्यक सुरक्षा अपनाएर वन हेर्ने व्यवस्था मिलाइएको छ । जसका लागि प्रहरीको पनि हामीलाई साथ रहेको छ ।

**गस्तीमा निस्किएका वन रक्षक र सामुदायिक वनका पदाधिकारीलाई आवश्यक सुरक्षा व्यवस्थाको प्रवन्ध कसरी मिलाउनुभएको छ ?**

- वन गस्तीमा निस्कने मानिस पनि मानिस नै हुन् । उनीहरुलाई कोरोना लाग्दैन भन्ने होइन । तर, आवश्यक पर्ने स्वास्थ्य सामग्री र सावधानीका उपायहरु उहाँहरुलाई सिकाइएको छ । जसका कारण उहाँहरु सुरक्षित रहन सक्नु हुन्छ । वन क्षेत्रमा भीडभाड हुने होइन । धेरै मानिससंग जमघट पनि हुने होइन त्यसो भएकाले मास्क, पीपीइ, सेनिटाइजर, ग्लोव्स आदिको प्रवन्धसहित वन गस्तीमा जानका लागि हामीले भूमिका निर्वाह गरेका हौं । त्यो प्रवन्ध गरेसँगै अहिले हामी कहाँ भएका वनको सुरक्षा भएको छ । गत चैत २४ गते यही विषयमा हाम्रो २२ वटै समूह आवद्ध स्थानीय महासंघको छलफल भएको थियो । छलफल अनुसार स्थानीय विपन्न परिवारलाई राहत स्वरुप दाउरा दिने र वन गस्तीका लागि नयाँ रणनीति अपनाएर अघि बढ्ने निष्कर्ष भएको हो । सोही बमोजिमका कार्यहरु हामीले अहिले गरेका छौं । डिभिजनल बन कार्यालयसँग सहकार्य भएकाले बन रक्षाको विषयमा अहिले कुनै समस्या छैन । जिल्लाभर यदाकदा छिट्फुट रुपमा वन चोरी यो समयमा हुन सक्छ । त्यसलाई रोक्न पनि हाम्रो प्रयास जारी छ । जसका लागि स्थानीय सरकार, वन उपभोक्ता समिति र हामी स्वयम् लागीपरेका छौं ।


पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्र्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

वर्गीकृत विज्ञापन

सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

आवश्यकता

सेक्युरिटी गार्डः– ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५


हिजोको सूनचाँदीको भाउ

| | |
|---|---|
| छापावाला सुन | ७७,०००।– |
| तेजावी सुन | ७६,७००।– |
| असल चाँदी | ७२५।– |


कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
Divine Int'l Acadamy (Dia)
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

डाक्टर आउने बारेको सूचना

डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** खानपानको असावधानीले स्वास्थ्यलाई हानी गर्न सक्छ । काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** गोपनीयता बाहिरिनाले समस्या आइपर्ला । आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** ठूलो भागको आशा राख्दा भएको वस्तु समेत गुम्न सक्छ । कामको चाप भने बढ्न सक्छ । अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका पाइनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** केही खर्च लागे पनि घुमफिर तथा मनोरञ्जनको समय छ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अतिथिका रूपमा सत्कार पाइनेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** निम्तो आए पनि आतिथ्य खर्चिलो बन्न सक्छ । व्यवसायको सन्दर्भमा पनि रमाइलो यात्रा हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** परिस्थितिवश सानोतिनो समस्याले अल्झाउनेछ । मेहनतीहरूका लागि भने समय उत्साहजनक नै रहनेछ । मेहनत गर्दा कार्यसिद्धिको समय छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रतिस्पर्धामा विजयी भइनेछ भने इर्ष्या गर्नेहरूले हार खाने छन् । पराक्रमद्वारा अधिकार स्थापित हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला । बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ । इर्ष्या गर्नेहरूलाई मेहनतको पाठ सिकाउन सकिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मेहनत गर्दा विशेष अवसर प्राप्त हुनेछ । लक्ष्य अनुसार समयमै काम सम्पादन हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** विद्यामा वृत्ति, सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ । सहपाठीहरूलाई उछिन्दै पुरस्कार, प्रशंसा आदि प्राप्त गर्न सकिनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** व्यापारमा फाइदा हुनेछ । पशुपालन र कृषिमा लाभ मिल्नेछ । सन्तानको साथले उत्साह जगाउनेछ । पारीवारीक जमघट होला ।